बागमती प्रदेश सरकार

# आन्तरिक मामिला कानून तथा सहकारी मन्त्रालय

हेटौंडा, नेपाल

पत्र सङ्ख्या : २०८३/८४
च.नं. :

बागमती प्रदेश सरकार आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालय हेटौंडा, नेपाल

## बागमती प्रदेश समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको रिक्त सदस्य पदमा मनोनयनका लागि आवेदन आह्वानसम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति: २०८३/०६/१२

प्रदेश सहकारी ऐन, २०७६ को दफा ८२ बमोजिम गठित बागमती प्रदेश समस्याग्रस्त सहकारी व्यवस्थापन समितिका देहायका रिक्त सदस्य पदमा मनोनयनका लागि कानूनबमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकबाट आवेदन आह्वान गरिएको छ।

| क्र.सं. | पद तथा कानुनी आधार | सङ्ख्या | ऐनबमोजिमको न्यूनतम योग्यता |
|---|---|---|---|
| १ | सदस्य, दफा ८२(१)(ख) | १ | निजामती सेवाको कम्तीमा राजपत्राङ्कित द्वितीय श्रेणी वा सो सरहको पदमा काम गरेको व्यक्ति |
| २ | सदस्य, दफा ८२(१)(ङ) | १ | बैङ्क तथा वित्तीय संस्थाको कम्तीमा आठौं तह वा सो सरहको पदमा वा चार्टर्ड एकाउन्टेन्ट भई बैङ्क तथा वित्तीय संस्थाको सुपरिवेक्षण क्षेत्रमा कम्तीमा तीन वर्ष काम गरेको व्यक्ति |

**आवेदनसाथ पेस गर्नुपर्ने कागजात:**

१. आवेदन गरेको पद स्पष्ट खुलेको निवेदन र हालसालैको व्यक्तिगत विवरण।
२. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि।
३. शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि।
४. सम्बन्धित पदको योग्यता पुष्टि हुने नियुक्ति, पदस्थापन, सेवा अवधि र अनुभवसम्बन्धी प्रमाणित कागजात। दफा ८२(१)(ङ) को पदमा चार्टर्ड एकाउन्टेन्टको योग्यता उल्लेख गर्ने आवेदकले सो योग्यता र सम्बन्धित सुपरिवेक्षण अनुभव पुष्टि गर्ने कागजात।
५. समस्याग्रस्त सहकारीको सम्पत्ति तथा दायित्व व्यवस्थापनमा आफूले दिन सक्ने योगदानसम्बन्धी सम्पत्ति पहिचान तथा संरक्षण, ऋण असुली र बचतकर्ताको रकम फिर्ता प्रभावकारी बनाउन अपनाउने उपाय समेटिएको बढीमा दुई हजार शब्दको कार्ययोजना।

बागमती प्रदेश सरकार

# आन्तरिक मामिला कानून तथा सहकारी मन्त्रालय

हेटौंडा, नेपाल

पत्र सङ्ख्या : २०८३/८४
च.नं. :



६. समितिमा पूरा समय काम गर्न सक्ने अवस्था तथा समितिले व्यवस्थापन गरिरहेका संस्थाहरूसँग आफ्नो सम्भावित स्वार्थ बाझिने अवस्था भए सोसमेत खुलाइएको स्वघोषणा।

**आवेदन बुझाउने अवधि:** यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले सात दिनभित्रको कार्यालय समयभित्र। अन्तिम दिन सार्वजनिक बिदा परेमा त्यसपछिको कार्यालय खुलेको पहिलो दिनको कार्यालय समयभित्र।

**आवेदन बुझाउने स्थान/माध्यम:** बागमती प्रदेश सरकार, आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालय, हेटौंडा वा मन्त्रालयको ईमेलः **moial@bagamati.gov.np**

प्राप्त आवेदनको योग्यता परीक्षणपछि ऐनबमोजिम योग्यता पुगेका आवेदकलाई अन्तर्वार्ताका लागि आमन्त्रण गरिनेछ। अनुभवबापत प्रतिवर्ष २ अङ्कका दरले बढीमा १० अङ्क, पेस गरेको कार्ययोजनाबापत बढीमा १० अङ्क र अन्तरवार्ताबापत बढीमा २० अङ्क गरी कुल ४० अङ्कमा मूल्याङ्कन गरिनेछ। आवेदन पेस गर्दैमा मनोनयनको हक सिर्जना हुने छैन। सिफारिस समितिको मूल्याङ्कन र सिफारिसका आधारमा मनोनयनसम्बन्धी प्रस्ताव प्रदेश सरकार, मन्त्रिपरिषद्समक्ष पेस गरिनेछ। सदस्यको मनोनयन प्रदेश सरकारको निर्णयबमोजिम हुनेछ। पदावधि तथा सेवा सर्त प्रचलित कानूनबमोजिम हुनेछन्।

**थप जानकारीका लागि:** आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालय, सहकारी तथा सञ्चार महाशाखा, फोन नम्बरः **9847020036**